बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# आयुर्वेद तथा वैकल्पिक चिकित्सालय

तल्लो पिपलटार, नुवाकोट, नेपाल

**Supply, Delivery and Installations of ICT equipments for EMR/EHR खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सम्बन्धी सूचना ।**

दोश्रो पटक सूचना प्रकाशित मितिः २०८२/०२/२२

आ. व. २०८१/८२ को लागि यस चिकित्सालयलाई आवश्यक पर्ने ICT equipments for EMR/EHR सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट तपशील बमोजिम खरिद गर्नुपर्ने भएकाले आयकर तथा मुल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट निम्नानुसारका शर्तहरुका अधिनमा रही सिलबन्दी दरभाउपत्र दाखिला गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:

| क्र.सं | खरिद संख्या | खरिदको नाम | जमानत रकम रु. | दरभाउपत्रको दस्तुर रु. |
|---|---|---|---|---|
| १. | 01/2081-82 | Supply, Delivery and Installations of ICT equipments for EMR/EHR | 48,000/- | 1,000/- |

1. सिलबन्दी दरभाउपत्र फाराम रु. १,०००/- (फिर्ता नहुने) नेपाल बैंक लिमिटेडको खाता नं ००१०१०००००००१००१००१ मा यस चिकित्सालयको कार्यालय कोड ३७००१२९१५३ उल्लेख गरी राजश्व शीर्षक नं १४२२९ मा जम्मा गरी वा राजश्व प्लेटफर्म मार्फत अनलाईन भुक्तानी गरी सोको सक्कलै भौचर बुझाई यस चिकित्सालयबाट खरिद गर्न सकिनेछ ।
2. यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र खरिद गरी ८ (आठौं) दिनको मध्यान्न १२ बजे भित्र दाखिला गरिसक्नुपर्नेछ ।

2082/02/22

डा. नरेन्द्र प्रसाद गिरी
कार्यालय प्रमुख

3. सिलबन्दी दरभाउपत्र साथ सिलबन्दी दरभाउपत्र दाताले नगदै रु. ४८,०००/- (अक्षेरुपी रु. अठचालीस हजार मात्र) रकम प्रदेश लेखा इकाई कार्यालय, नुवाकोटको नाममा रहेको नेपाल बैंक लिमिटेड, त्रिशुली शाखाको धरौटी खाता नं ०२६०२०००००२००२००००१ मा यस चिकित्सालयको कार्यालय कोड नं ३७००१२९१५३ उल्लेख गरी जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा ७५ दिन म्याद भएको बाणिज्य बैंकद्वारा यस चिकित्सालयको नाममा जारी भएको बैंक जमानत (बैंक ग्यारेन्टी) सहित संस्था दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र दाताले लागत अनुमान भन्दा कम अंक कबुल गरेमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) बमोजिमको थप रकम कार्य सम्पादन जमानत वापत दाखिला गर्नुपर्नेछ ।
4. सिलबन्दी दरभाउपत्र साथ सम्बन्धीत सिलबन्दी दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर गरी सहिछाप लगाएको हुनुपर्नेछ ।
5. पर्न आएका सिलबन्दी दरभाउपत्रहरु सूचना प्रकाशित भएको ८ औं दिनको अपरान्ह २ बजे यस चिकित्सालयमा दरभाउपत्र दाता र निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
6. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो पछि क्रमशः कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।
7. Bill of Quantities मा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सोको जोड जम्मा रकममा मुल्य अभिबृद्धि कर (VAT) समेत जोडी कुल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।
8. रीत नपुगेको, म्याद नाघी प्राप्त भएको वा केरमेट भई अंक/अक्षर नबुझिने तथा सिलबन्दी दरभाउपत्र दाताको हस्ताक्षर नभएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
9. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस चिकित्सालयमा सुरक्षित रहनेछ ।
10. सिलबन्दी दरभाउपत्र फाराम खरिद कार्य यस चिकित्सालयको आर्थिक प्रशासन शाखा विदुर-०५, तल्लो पिपलटार, नुवाकोटबाट हुनेछ ।
11. यो सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ । विस्तृत जानकारी लिन चाहेमा यस चिकित्सालयमा वा चिकित्सालयको फोन नं ०१०-४१०००२ मा सम्पर्क गर्न सकिनेछ ।

बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय स्वास्थ्य निर्देशनालय आयुर्वेद तथा वैकल्पिक चिकित्सालय नुवाकोट, नेपाल

2082/02/22

डा. नरेन्द्र प्रसाद गिरी
कार्यालय प्रमुख